ऋषेश्वर मन्दिर जाने बाटो सरसफाई। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक
कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-०२ ● २०८१ साउन १४ गते सोमबार, ● 29 July, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहानगरका एसइई २०८० मा उत्कृष्ट विद्यार्थीलाई सम्मान



विकास संवाददाता
थाहानगर

लियो क्लव अफ पिस थाहाले २०८० सालको एसईई परीक्षामा नगरपालिकाको विभिन्न विद्यालयबाट उत्कृष्ट जिपिए ल्याउन सफल विद्यार्थीलाई सम्मान गरेको छ । १२ साउनमा थाहा नगरपालिका प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यतामा डाँडाघरे बा को होमस्टेमा भएको कार्यक्रममा नगरपालिकाका विद्यालयहरूबाट उत्कृष्ट नतिजा ल्याउने १० जना विद्यार्थीलाई सम्मान गरिएको हो ।

कार्यक्रममा विद्यार्थीहरूलाई सम्मान गर्दै थाहा नगर प्रमुख बिष्टले विद्यार्थीहरू भविष्यको कर्णधार भएकोले अवको उच्च शिक्षा अध्ययनमा विशेष ध्यान दिन आग्रह गरे। विष्टले समाजको सकारात्मक विकास गर्न विद्यार्थीको महत्वपूर्ण भूमिका हुने बताए । सम्मान कार्यक्रममा थाहा नगरपालिकाका विभिन्न विद्यालयबाट एसईई परीक्षामा सहभागी भई उत्कृष्ट नतिजा ल्याउने १० जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

सम्मानित हुनेहरूमा सरस्वती विद्या मन्दिर बज्रवाराहीका सुजन श्रेष्ठ ३.६८, स्मृती गोपाली ३.७३ सुस्मिता सिं ठकुरी ३.७३ अमन जैसवाल ३.७७ लखिन्द्र मुखिया ३.९५ त्यसैगरी इअन इङ्लिस स्कुल थाहा ६ का आशिष् थिङ ३.७० जिपिए, सामुदायिक विद्यालयबाट उत्कृष्ट जिपिए ल्याउने विद्यार्थी बागेश्वरी मावि टिस्टुङका अमृत गोले ३.४७ भ्याली हार्ट एकेडेमी थाहा ३ का दिपशिखा रायमाझी ३.७९, शान्ती विष्ट ३.८२ र दिप्ती केसी ३.७० जिपिए रहेका छन् ।

सम्मान कार्यक्रमका विशेष अतिथि प्याव्सन थाहानगरका अध्यक्ष सुरेन्द्रमान प्रधानले विद्यार्थीको उच्च शिक्षा अध्ययनका लागि यस्तो सम्मान कार्यक्रमले थप प्रेरणा मिल्ने बताए । लियो क्लव अफ पिस थाहाका अध्यक्ष शिशिर कुमार खत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लायन्स क्लव थाहाका अध्यक्ष सतिदेवी स्याङ्तान, निवर्तमान अध्यक्ष गिता कार्की, लियो क्लवका पूर्व अध्यक्ष कमल बिष्ट, निवर्तमान अध्यक्ष रोशनी गोपाली, लियो तथा लायन्सका पदाधिकारीहरूलगायत विद्यार्थी तथा विद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

सम्मान कार्यक्रममा नगर प्रमुख विष्ट, प्याव्सन अध्यक्ष प्रधान, लायन्स क्लव अफ थाहा पिसका निवर्तमान अध्यक्ष गीता कार्की, बागेश्वरी माविका प्रअ बीर मान स्याङ्तान, विद्यार्थीहरू दीपशिखा रायमाझी, लखिन्द्र मुखिया विन, कार्यक्रम संयोजक विराज थापा, अध्यक्ष सिशिर खत्रीलगायतले शुभकामना दिदै उकृष्ट नतिजा ल्याएका विद्यार्थीहरू थाहा नगरको गहना भएको बताउदै भविष्यमा थाहा नगरको नाम समेत उच्च बनाउने जिम्मेवारी थपिएको बताएका छन् ।

डाँडाघरे बा को होमस्टे फाटबजारमा सम्पन्न कार्यक्रम सचिव अजय कार्कीले सञ्चालन गरेका थिए ।

# थाहानगरको सिमभन्ज्याङमा ३५ फिट अग्लो राष्ट्रिय झण्डा



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर ४ को पर्यटकीय क्षेत्र सिमभन्ज्याङमा राष्टि्रय झण्डोत्तोलन गरिएको छ। जिल्लाकै सर्वाधिक उचाईमा १२ साउनमा ३५ फिट अग्लो नेपालको राष्ट्रिय झण्डोत्तोलन गरिएको हो। थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टको प्रमुख अतिथि आतिथ्यतामा झण्डोत्तोलन गरिएको हो । कार्यक्रममा नगरपालिकाका उपप्रमुख भरत गोपालीसहित जनप्रतिनिधि, सञ्चारकर्मी, स्थानीयको उपस्थिति रहेको थियो ।

राष्ट्रिय झण्डा हेटौंडा उपमहानगरपालिका १० टिसिएन रोड बस्ने दिनेश डंगोलको व्यक्तिगत आर्थिक सहयोग र ऋषेश्वर टोल विकास संस्था तथा सिमभन्ज्याङ बजार व्यवस्थापन समितिको सक्रियतामा निर्माण गरी झण्डा राखिएको टोल विकास संस्थाका सचिव अमित पाखीनले जानकारी दिए। ऋषेश्वर टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र थोकरको अध्यक्षतामा सम्पन्न झण्डा उत्तोलन कार्यक्रममा नेकपा एमाले नगर अध्यक्ष सुरेन्द्रमान प्रधान, माओवादी केन्द्रका नगर अध्यक्ष बिनोद कुमार लामा, थाहा वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, कार्यपालिका सदस्य चन्द्रमाया बल, थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, रोजगार संयोजक कुमार नेगी, बजार व्यवस्थापन समिती सिमभन्ज्याङका अध्यक्ष आनन्द भुजेल, झण्डा निर्माण दाता दिनेश डंगोललगायतको उपस्थित रहेको थियो ।

कार्यक्रममा नगर प्रमुख बिष्टले स्थानीय युवाहरूको सक्रियतामा सिमभन्ज्याङको पर्यटन व्यवसायमा विस्तारै नयाँ युगको सुरूवात भएको जनाउदै दामन सिमभन्ज्याङको पर्यटन व्यावसायलाई चलामायन बनाउन यस्ता भौतिक संरचना निर्माण हुँदै जानुपर्नेमा जोड दिए । कार्यक्रममा झण्डा निर्माण गर्न आर्थिक सहयोग गर्ने हेटौंडा १० का दिनेश डंगोललाई ऋषेश्वर टोल विकास संस्थाले सम्मानपत्र द्वारा सम्मानित गरि एको थियो। यसअघि हेटौंडाकै समाजसेवी सिद्दिलाल श्रेष्ठको सहयोगमा सिमभन्ज्याङमा १८ फिट अग्लो बुद्धको मुर्ती स्थापना गरिएको थियो ।

## भीमफेदीको प्रप्रअ सरूवा

◆ विकास संवाददाता

मकवानपुर भीमफेदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत (प्रप्रअ) केशवराज पार्धे सरूवा भएका छन्। पार्धे संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरूवा भएका हुन् ।

२०८० पौष २ गते भीमफेदी गाउँपालिकामा हाजिर भएका पार्धेले भीमफेदीमा ७ महिना प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्य सम्पादन गरे । सरूवा भएका प्रशासकीय अधिकृत पार्धेलाई एक समारोहकाबीच गाउँपालिकाले १३ साउनमा विदाई गरेको छ ।

गाउँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष संजिव श्रेष्ठ तथा जनप्रतिनीधिहरू र कर्मचारीले पार्धेलाई शुभकामनासहित विदाइ गरेका हुन् ।


## बिमालेख हराएको सुचना !

मिति : २०८१/०४/०६ गते काठमाडौं बाट पालुङ आउने क्रममा, साविक सानिमा लाईफ इन्स्योरेन्स कम्पनी बागलुङबाट, मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नम्बर २ मकवानपुर बस्ने प्रवेश के.सी (ना.प्र.नं : ३१३०३५/२४) को नाममा जारी भएको रु २,००,०००.०० को बिमालेख (बिमालेख नम्बर : ४०२००००२३३ ) हराएकोले भट्नुहुने महानुभावले ९८६००७१६७२ मा सम्पर्क गरी वा नजिकैको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध छ ।

सम्पर्क: प्रवेश के.सी
मोबाइल नम्बर :९८६००७१६७२

## पखाला लाग्नबाट बच्ने उपाय

- चर्पीमा मात्र दिसा पिसाव गर्ने
- दिसा पिसाव गरिसकेपछि साबुनपानीले मिचिमिची हात धुने
- खाना बनाउनु, खुवाउनु र खानु अघि साबुनपानीले मिचिमिची हात धुने
- पानी उमालेर, फिल्टर गरेर वा एक लिटर पानीमा ३ थोपा क्लोरिन झोल मिलाएर मात्रै पिउने
- बासी, सडेगलेको, झिँगा भन्केको खानेकुरा नखाने
- खानेपानीको मुहान सफा र सुरक्षित राख्ने




थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## सम्पादकीय

### पर्यटन प्रवर्द्धनमा स्थानीय सरकार

स्थानीय सरकारलाई पर्यटनका धेरै अधिकार नदिएपनि २०७४ सालमा पहिलो स्थानीय सरकार बने देखि नै धेरै पालिकाहरुले पर्यटनलाई आफ्नो पालिकाको समृद्धिसंग जोडेको पाइन्छ । राष्ट्रिय अर्थतन्त्रमा पर्यटनले पुर्‍याउने योगदान र त्यसको सम्भावित भविष्य समेतमाथि ध्यान दिंदै त्यसका लागि सरकारले विनियोजन गर्नेगरेको बजेट एकदम अपर्याप्त वा कम हुने गर्दछ । पर्यटकीय क्षेत्रलाई व्यवस्थित,सुरक्षित तथा वातावरणमैत्री बनाउन स्थानीय सरकारको अहम् भूमिका रहन्छ । पर्यटनले स्थानीय मौलिक कला, संस्कृति तथा परम्परालाई जोगाइराख्न स्थानीय सरकारको विशेष दायित्व रहन्छ । पर्यटनसँगै स्थानीय बासिन्दाको हकहितको संरक्षणमा पनि ध्यान दिनुपर्छ । पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधार स्तम्भको रूपमा विकसित गर्दै पर्यटनको लाभ सर्वसाधारण सम्म पुर्याउने लक्ष्य स्थानीय तहले अंगीकार गर्नुपर्छ । यसका लागि व्यवस्थित, जनसहभागितामूलक र दिगो पर्यटन विकासको नयाँ सोच आवश्यक छ।नयाँ पर्यटन गन्तव्यको पहिचान र प्रबर्द्धनमा ध्यान दिंदै पर्यट कीय सम्भावना बोकेका क्षेत्रहरूमा पूर्वाधार विकास र प्रचारप्रसारका कामलाई अझ व्यवस्थित गर्न गर्दै पालिकालाई 'पर्यटकीय हव'को रूपमा विकास गरेर आम्दानीमा थप वृद्धि गराउन सकिन्छ ।

संविधानको अनुसूची ८ मा स्थानीय तहलाई पर्यटन शुल्क उठाउने अधिकार मात्र प्रदान गरिएको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ ले भने पर्यटन क्षेत्रको विकास, बिस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरु को पहिचान, कार्या न्वयन,व्यवस्थापन, अनुगमन तथा नियमनका साथै नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन,अनुगमन तथा नियमनको अधिकार स्थानीय सरकारलाई दिएको छ । यसै गरी सोही दफाको उपदफा ४ ले संविधानको अनूसुची ९ को अधिनमा रहेर स्थानीय प्राणी उद्यानको निर्माण र संचालन, स्थानीय वन्यजन्तुपर्यटनको अधिकार प्रदान गरेको छ । वन ऐन २०७६ को दफा ३४ ले सामुदायिक वन समूहले स्थानीय तहसँग मिलेर पर्यापर्यटन संचालन गर्न पाउने व्यवस्था गरेको छ । यसै गरी पर्यटन नीति २०६५ ले पनि पर्यटन विकास, प्रवर्द्धन र पर्यटनलाई जीविको पार्जनसंग जोड्नेकाममा स्थानीय तहको भूमिकालाई पर्यटन विकासको मुख्य रणनीतिमा समावेश गरेको छ । विगतमा अधिकांश स्थानीय तहले पर्यटन विकासका नाममा मन्दिर निर्माण, जीर्णोद्धार तथा भ्यूटावरमा प्राथमिकताका साथ लगानी गरे । तर त्यस्ता आयोजना को पूँजी निर्माणको दर नगन्य रह्यो भने स्थानीय सरकारहरू यही कारणले आलोचित पनि बन्न पुगे ।

पर्यटन भन्ने बित्तिकै मन्दिर, पार्क र भ्यूटावर मात्र बुझ्ने प्रवृत्तिले यस्तो भएको हुनसक्छ । आर्थिक विकासलाई फराकिलो बनाउन स्थानीय तहले तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ बढी हुने, जनताको आर्थिक क्रियाकलाप वृद्धि हुने, स्थानीय तहको आकर्षण बढ्ने तथा जनतालाई गतिशील बनाउने खाल कायोजनाको छनोट गर्न सक्नुपर्छ । पालिकाहरुका पर्यटन सम्बन्धि वर्तमान नीति, कार्यक्रमले स्थानीय पर्यटन विकास हुने र पर्यटनबाट लाभ लिने कुरा सपना मात्र हुने देखिन्छ । होटेल, ट्राभल एजेन्सीजस्ता सस्थालाई पर्यटन सम्भाव्य सबै भौगोलिक क्षेत्रमा पुर्याउनको लागि आवश्यक छुट रसहुलियत प्रदान गर्ने नीति र कार्यक्रमहरू स्थानीय र प्रदेश सरकारले ल्याउनु जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सरूवाको सिकार



◆ लक्ष्मी विलास कोइराला

सरूवा एक ठाउँबाट अर्को ठाउँ, एउटा अफिसबाट अर्को अफिस सर्ने कर्म सरूवा हो । सार्वजनिक निजी क्षेत्रमा कार्यरत कर्मचारीको एक कार्यालयबाट अर्को कार्यालयमा विधिसम्मत र निश्चित अवधिमा सरूवा हुन प्राकृतिक रूपमा स्वाभाविक हो । सरूवाले कर्मचारीलाई भौगोलिक क्षेत्रको ज्ञान दिनुको साथै त्यस क्षेत्रको सामाजिक सांस्कृतिक एवं आर्थिक अवस्थाको जानकारी दिन्छ । भिन्न परिवेशमा भिन्न सेवाग्राहीसँग काम गर्ने अवसर दिन्छ । कर्मचारीको सोच र दृष्टिकोण फराकिलो बनाउँछ । सहरको गाउँ र गाउँको सन्देश सहरसम्म लैजान्छ । सरूवा भई जाने कर्मचारीले जुनसुकै क्षेत्रमा बसे पनि हामी एउटै राज्यका नागरिक हौ भन्ने भावनालाई मजबुत बनाउँछ । र सबैभन्दा महत्वपूर्ण पक्ष सरूवाले कर्मचारीमा विशिष्टिकृत क्षमताको विकास गर्दछ । एक निश्चित अवधिमा कर्मचारीको सरूवा हुनुपर्छ ।

नेपाली बृहत् शब्दकोशअनुसार सिकार भन्नाले मनोविनोदका लागि तथा मासु खान वा दुर्लभ वस्तु प्राप्त गर्न वन्यजन्तु र पक्षीलाई मूलतः लुकेर, लखेटेर, समाउने गर्नुका साथै बन्दुक, गोली, खुकुरी, ढुंगा वा हातले हिर्काइ मार्ने काम सिकार हो । खाने मासुलाई पनि सिकार भनिने रहेछ । कसैले सिकार बनाए भन्यो भने अरूको जालमा अड्किएर त्यसबाट दुःखी भएको मानिस पनि बुझिँदो रहेछ । अब यस अर्थलाई नेपालको सार्वजनिक प्रशासनमा लागू गरेर हेर्दा कर्मचारी सरूवाको सिकार भइरहेको देखिन्छ । सबै निजामती र प्रहरी कर्मचारीलाई सरूवाको सिकार भएको अनुभव पाथीभरिभरि छ ।

सेन्टर फर इनोभेटिभ गर्भनेन्स प्राक्टिसेसले स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृतलाई यही भाद्र १२, १३ र १४ गते तालिम दिने भनेर निमन्त्रणा गर्दै गर्दा अधिकांश अधिकृतले भाद्रसम्म यही अफिसमा भइयो भने आउला नि सर भने । कति भयो र तपाईं यस पालिकामा सरूवा हुनुभएको ? मैले सोधें । आएको त चार महिना मात्रै भयो नि सर । तर, राजनीतिक नेतृत्व परिवर्तन भयो । अब कता पुगिने हो कुन्नी ? उनीहरूले अनिश्चितता प्रकट गरे । यस प्रकारको अनिश्चित वातावरणमा कर्मचारीले कसरी राम्रो काम गर्न सक्छ । यस्तो अनिश्चितता ल्याउने अरू कोहि नभएर राजनीतिक नेतृत्व मात्रै हो ।

निजामती र प्रहरी कर्मचारीलाई भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरि विभिन्न भौगोलिक क्षेत्रमा र विभिन्न कार्यलयको अनुभव दिलाउने गरि विभिन्न कार्यालयहरूमा सरूवा गर्ने कानूनी व्यवस्था छ । निजामती सेवा ऐन, २०४९, नियमावली २०५०, प्रहरी ऐन, २०१२ र नियमावली २०७१ ले कर्मचारी एकपटक सरूवाा भएपछि निश्चित अवधिसम्म त्यस कार्यालयमा बसि काम गर्नु पर्ने वयवस्था गरेको स्पष्ट छ । कुनै कार्यालयमा सरूवा भईसकेपछि कर्मचारीको स्वास्थ्य सम्बन्धी गम्भीर समस्या भएमा वा निज कर्मचारीलाई सो कार्यालयमा सो जिम्मेवारीमा राखिरहँदा सार्वजनिक हानी नाक्सानी हुने भएमा मात्र तोकिएको अवधिभन्दा पहिले सरूवा गर्न सकिन्छ ।

मौसम सँगै सरकार परिवर्तन हुन नेपालको लागि नौलो कुरा होईन् । सरकार परिवर्तनसँगै कर्मचारीको सरूवा हुनु चाहिं खराब नीयत हो । मौसम चार चार महिना परिवर्तन हुन्छ । चारचार महिनामा परिवर्तन हुने सरकारले दूई वर्षका लागि सरूवा भएको निजामती र प्रहरी कर्मचारीलाई सरूवा गर्नु कानून सम्मत हो त । प्रधानमन्त्रीमा नियुक्त भएको हप्तादिन नपुग्दै सचिवको सिकार गरेका प्रधानमन्त्रीले बाईस सचिवको सरूवा गरेर कीर्तिमान पनि राखेका छन् । ईतिहास केलाउँदा कार्यसम्पादन संझौता गर्न लगाएर भोलिपल्ट सचिवको सरूवा गरेको पनि भेटिन्छ । नेपाल सरकारका सचिवहरूलाई घेरा बनाएर यसो गर उसो गर भनिरहँदा तिमीहरूको अवधि नपुगी अनुचित र अनावश्यक सरूवा गर्दिनँ भन्न पनि त सक्नुप-यो प्रधानमन्त्रीले । काम र उपलब्धि खोज्ने प्रधानमन्त्रीले बारम्बार सचिव र कर्मचारीको सरूवा सिकार खेल्न पनि त भएन । माननीय गृहमन्त्रीले राष्ट्रिय सभामा सदाचार नीतिको सम्बन्धमा बोल्दै प्रहरीको सरूवा नियमित प्रक्रिया हो भनेछन् । अवधिमा वा अवधिभन्दा पहिले पनि सरूवा हुन सक्छ भन्दै गचक्क पनि परेछन् । ती गृहमन्त्री त कानुन पनि पढेका हुन् कि क्या हो ।

सरकार परिवर्तनसँगै पुरै कर्मचारीतन्त्र अस्थायी र अस्थिर बन्न जान्छ । आर्कषक कार्यालय (बजेट धेरै भएको वा सेवाप्रवाह गरेर धानर्जन हुने)मा सरूवा हुन सचिवदेखि तल्लो तहसम्मका कर्मचारी राजनीतिक नेतृत्वको निकट पुग्दछन् । पुग्ने कोसिस गर्दछन् । राजनीतिक नेतृत्वको निकट नपुग्दा आफैं सिकार हुने डर हरेक कर्मचारीमा रहन्छ । कार्यालयको काम छोडेर राजनीतिक नेतृत्वको समीपमा पुग्न विचौलिया खोज्दै मन्त्रालय मन्त्रालय निजामती र प्रहरी कर्मचारी हिडेको दृश्य सम्माननीय र माननीयले देखेका होलान् । कुनै मन्त्रालयमा, वा पालिकामा भएको कर्मचारीलाई परिचालन गर्न नसक्ने हुतिहाराले राजनीति किन गर्नु ? किन प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री वा पालिकाको अध्यक्ष र मेयर हुनु ? विधि र प्रक्रियाअनुसार काम गर्छु भनेर शपथ लिने प्रधानमन्त्री र मन्त्रीले भइर हेको एउटा कर्मचारीलाई हटाएर सरूवाको सिकार गर्न किन हुरूक्क हुनुपरेको हो ? कारण विचारणीय छैनन् त हजुर ।

निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० ले सरूवालाई व्यवस्थित गर्ने प्रयास गरेको छ । चक्रीय रूपमा, अवधिअनुसार, उमेर र अवकाश हुने अवस्थाको ख्याल गरी सरूवा गर्ने आधार तोकेको छ र कुन समयमा कुन तहको कर्मचारीको कसले सरूवा गर्ने पनि लेखेको छ । कानुन बनाउने र कानुनमा भएका प्रावधानको पालना नगर्ने नेपालको राजनीतिक नेतृत्वको विशेषता र चरित्र हो । निजामती सेवा ऐनमा भएको प्रावधानविपरीत सरूवा गर्दा सबै कर्मचारी अस्वस्थ र कार्यालयमा राखिराख्न अनुपयुक्त हुन् भनेर प्रमाणित गर्नुपर्ने हुन्छ । आफूले जेजे भन्यो त्योत्यो निर्णय गरिदिने कर्मचारी खोज्दै मन्त्रीहरू प्रधानमन्त्रीलाई आमन्त्रण गर्ने गर्दछन् । आफ्नो कार्यालयमा भर्खर सरूवा भइआएको कर्मचारीलाई अस्वस्थ र काम गर्न असक्षम वा खराब आचरण भएको भनेर प्रमाणित गर्दै उसलाई सरूवाको सिकार बनाउन पुगेको समाचार मिडियामा बग्रेल्ती पढ्न र सुन्न पाइन्छ ।

राजनतिक नेतृत्वको भिजन मिसनलाई कार्यक्रममा रूपन्तरण गरी कार्यान्वयन गर्ने कर्मचारीतन्त्र हो । कर्मचारीतन्त्रलाई स्थायी सरकार भनिन्छ । तर, सचिव हुन् वा अन्य कुनै कर्मचारी हुन् उसको सरूवा कार्यसम्पादन र सही व्यक्ति सही ठाउँमा भन्ने सिद्धान्तमा आधारमा हुने गरेको छैनन् । सचिव सरूवा पूर्णरूपमा भेदभावपूर्ण हुनेगरेको छ र त्यसको रूप ट्रिकल डाउन हुँदै पद तहसम्म पुग्नेगरेको छ । राजनीतिक तहमा सरूवाको सिकार निरन्तर चलिरहँदा सार्वजनिक प्रशासन अस्थिर बनेको छ । उत्पादकत्व र उत्पादन ह्रास हुँदै गएको छ । विनियोजित विकास खर्च हुन सकेको छैन । निर्णय क्षमता स्खलन भएको छ । सार्वजनिक सेवाप्रवाह अनिश्चित बनेको छ । विचारका आधारमा कर्मचारीको ध्रुवीकरण भएको देखिन्छ । राम्रा र आर्कषक कार्यालय सरूवा हुन कर्मचारीबीच प्रतिस्पर्धा चलेको र पैसाको चलखेल बढेका समाचारले मिडिया भरिएका छन् । कर्मचारीसँग पैसा लिएर सरूवाको सिकार गर्ने राजनीतिक नेतृत्वले देश र नागरिकका लागि के योगदान देलान् हजुर ?

जगिरे जीवनमा एकपटक म पनि सरूवाको सिकार भएको छु, । सूचना विभागमा डीजी हुँदा वर्गीकरणमा परेपछि तीन वर्षसम्म नछापिएको एउटा मासिक पत्रिकालाई जीवन निर्वाह भत्ता भुक्तानी दिनुस् भनेर प्रधानमन्त्रीको स्वकीय सचिवको हवाला दिँदै एक जनाले फोन गरे । मैले त्यसलाई भुक्तानी दिन मिल्दैन भनेँ । दुईतीन दिनपछि मन्त्रालयका सचिवलाई अगाडि राखेर प्रधानमन्त्रीको मलाई आदेश छ त्यो पत्रिकालाई मिलाएर भुक्तानी दिनुस् मन्त्रीले आदेश गरे । त्यो मिलाउन नमिल्ने विषय हो मन्त्रीज्यू, मैले भनेँ । भोलिपल्ट सामान्य प्रशासन मन्त्रालयका सचिवको फोन आयो । कुन मन्त्रालय सरूवा हुनुहुन्छ भन्नुस् मलाई । प्रधानमन्त्रीबाट तपाईंको सरूवा गर्दिनू भन्ने आदेश भएको छ, सचिवले भन्नुभयो । जहाँ सरूवा गरिदिए पनि हुन्छ सर मैले भनेँ । मेरो सरूवा भयो । त्यसपछि विभाग सरूवा हुने डीजीले भुक्तानी दिनुभयो क्यारे, कुरो अख्तियार सम्म पुग्यो ।

महालेखा परीक्षकको ६१औं प्रतिवेदन, २०८१ ले १३ प्रतिशत कर्मचारीको सरूवा नियमसंगत भएको र बाँकी ८७ प्रतिशत कर्मचारीको सरूवा कानुनविपरीत भएको देखाएको छ । प्रतिवेदनले स्थानीय सर कारको प्रमुख प्रशासकीय अधिकृतको तारन्तार सरूवा भएको जनाएको छ । राष्ट्रिय तथ्यांक कार्यालयबाट राष्ट्रिय तथ्यांक प्रणाली विकास रणनीति बनाउने सिलसिलामा प्रदेश मुख्य सचिव र सचिवसँग छलफल गर्दा भित्तामा टाँगेको सूचीमा केही अपवादबाहेक कुनै पनि


*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सचेत बनौं, आयो हैजा !

> 'यदि सावधानी अपनाइएन भने महामहारीकै रुप लिने सम्भावना छ,' उनी भन्छन्, 'हैजाले कडा रुप लियो र समयमै उपचार दिन नसके मृत्युदर पचास प्रतिशतसम्म पुग्न सक्छ।'

७ साउनमा ललितपुर गोदावरी नगरपालिका थैबस्थित एक पुनर्स्थापना केन्द्रका युवकमा हैजा संक्रमण पुष्टि भयो । ती युवकको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालमा उपचार भइरहँदा केन्द्रका अरू केही युवकमा पनि झाडापखालाको लक्षण देखियो । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र जनस्वास्थ्य



कार्यालय ललितपुरको समन्वयमा चार जना युवकलाई अस्पताल भर्ना गरियो । तर तीन जना युवक भने शौचालयको झ्यालबाट भागे । एक जना युवकको मिर्गौलामा समस्या आएका कारण टेकुले पाटन अस्पतालमा रेफर गऱ्यो ।

दुई दिनपछि आएको रिपोर्टमा उनीहरू सबैलाई हैजा संक्रमण पुष्टि भयो । महाशाखाको तथ्यांक अनुसार हालसम्म त्यस केन्द्रका १० जनामा हैजा पुष्टि भइसकेको छ । केन्द्रको इनारको पानीमा दिसामा पाइने एक प्रकारको जिवाणु कोलिफर्म भेटिएको महाशाखाका प्रमुख डा. यदुचन्द्र घिमिरे बताउँछन् । 'उनीहरूले प्रयोग गरेको इनारको पानी दूषित भएको देखियो, यो कुनै बाहिर बाट आएको होइन', डा. घिमिरेले भने, 'पानीका विभिन्न स्रोतमा हैजाका किटाणु हुन्छन्, त्यसकारण सजगता अपनाउनुपर्ने देखिन्छ ।'

महाशाखाका अनुसार पछिल्लो एक महिनामा काठमाडौं उपत्यका र बाहिर गरी २० जनामा हैजा संक्रमण पुष्टि भइसकेको छ । उपत्यका बाहिर कैलालीमा ७ जना हैजाका बिरामी भेटिएका छन् । काठमाडौंको टोखा, लतिपुरको ग्वार्को र चापागाँउमा पनि हैजाका संक्रमित भेटिएका महाशाखाले जनाएको छ ।

त्यस्तै कालीमाटीमा पनि तीन जनामा हैजा हुनसक्ने आशंका गरिएको छ । इडीसीडीका एक उच्च अधिकारीका अनुसार न्यापिड डायग्नोस्टिक टेस्ट (आरडीटी) पोजेटिभ देखिएको छ, तर कल्चरको रिपोर्ट आइसकेको छैन । 'कल्चर रिपोर्ट नहेरेसम्म यकिनका साथ भन्न सकिँदैन । तर उनीहरूको लक्षण हेर्दा संक्रमण हुनसक्ने देखिन्छ', ती अधिकारीले भने । ईडीसीडीका निर्देशक डा. घिमिरेका अनुसार पुनर्स्थापना केन्द्रको इनारको पानीमा इकोलाई र कोलिर्फम भेटिएको छ भने अन्य ठाउँको पानीको स्रोतको परीक्षण रिपोर्ट आइसकेको छैन । इकोलाई मानिसको दिसामा हुने जिवाणु हो, यो झाडापखालाको एउटा प्रमुख कारक मानिन्छ । पछिल्ला दिनमा विभिन्न ठाउँमा हैजाको संक्रमण देखिनुले उपत्यकामा समुदायस्तरमा नै हैजा फैलिएको हुन सक्ने ईडीसीडीका एक अधिकारी बताउँछन् ।

'संक्रमितले प्रयोग गरेका उपत्यकाका धारा र इनारको पानीमा दिसामा पाइने जीवाणु देखिएको हो', ती अधिकारीले भने, 'पानी नै प्रदूषित भएकाले विभिन्न स्थानमा हैजाका बिरामी भेटिएका हुन् ।' उनका अनुसार संक्रमितहरूमा पानीको माध्यमबाट हैजा सरेको देखिएको छ । तर, पानीको स्रोतमा कहाँबाट हैजाको जीवाणु पुग्यो भन्ने पहिचान हुन सकेको छैन । महाशाखाका प्रमुख डा. घिमिरेका अनुसार ईडीसीडी, स्वास्थ्य कार्यालय काठमाडौं, स्वास्थ्य कार्यालय ललितपुरको समवन्यमा विभिन्न ठाउँका ढल र पानीका स्रोतको नमुना संकलन गरिएको छ ।

'त्यहाँका मानिसमा लक्षण देखिँदा पनि अस्पतालसम्म आइपुगेका हुँदैनन्, सबैभन्दा बढी जनचेतनाको पाटोलाई हामीले जोड दिन्छौं', डा. घिमिरे भन्छन्, 'निरन्तर पानी परिरहेकाले पानीजन्य संक्रमणको जोखिम हुन्छ । केही समय सबैले सजगता अपनाउनुपर्छ ।' सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन काठमाडौंमा हैजाको प्रकोप नै देखिन सक्ने जोखिम देख्छन् । हालसम्म पुष्टि भएको संख्या भन्दा समुदायस्तरमा हैजाका बिरामी बढी हुनसक्ने उनको अनुमान छ ।

'काठमाडौं उपत्यकाको विभिन्न ठाउँमा हैजाका संक्रमित देखिएकाले पनि समुदायमा फैलिरहेको सहज अनुमान लगाउन सकिन्छ', डा. पुनले अनलाइनखबरसँग भने, 'किनकी त्यहीँको पानी वा खाद्यान्न अरूले पनि खाएका होलान्, त्यसकारण यो संख्या विस्तारै बढ्छ ।' संक्रमण कडा नभएको अवस्थामा बिरामीहरू अस्पतालसम्म नआउने तर समुदायमा अन्य व्यक्तिमा हैजा सारिरहने सम्भावना हुने उनी बताउँछन् । 'समुदायमा संक्रमण फैलिरहेको अवस्था छ । बिरामीलाई जटिल अवस्था आइसकेपछि मात्रै अस्पताल भर्ना हुन्छन्', डा. पुन थप्छन्, 'विगतमा पनि स्रोत पहिचान हुन नसकेर समुदायस्तरमा हैजा फैलिएको देखिएको छ ।'

२०७९ मा पनि काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा हैजाका संक्रमित भेटिएका थिए । २०७८ मा कपिलवस्तुमा फैलिएको हैजाबाट १० जनाको मृत्यु भएको थियो । झाडापखालाको कारणमध्ये हैजाको संक्रमण सबैभन्दा गम्भीर हो । हैजाले छोटो समयमा नै जटिलता ल्याउनसक्छ । सरूवा रोग विशेष्ज्ञ डा. पुनका अनुसार दश संक्रमितमध्ये एक जनामा हैजाले जटिल अवस्था निम्त्याउने हुन्छ । 'विभिन्न ठाउँमा संक्रमण देखिएकाले हैजा समुदायस्तरमा देखिसकेको पुष्टि हुन्छ । यदि सावधानी अपनाइएन भने महामहारीकै रूप लिने सम्भावना छ', उनी भन्छन्, 'हैजाले कडा रूप लियो र समयमै उपचार दिन नसके मृत्युदर पचास प्रतिशतसम्म पुग्न सक्छ ।' चिकित्सकहरूका अनुसार लक्षणविहीन संक्रमितले संक्रमण फैलाउन प्रमुख भूमिका खेल्छ । बिरामी शौचालय गएपछि राम्रोसँग हात नधोएर अन्य व्यक्तिलाई खानेकुरा तथा पानी दिए हैजाको संक्रमण हुन सक्छ ।

'पहिला–पहिला फोहोर पानीले हैजा फैलिन्थ्यो, अहिले सफा पानीबाट फैलिनसक्छ । किनेर ल्याएको खानेपानी, इनारको पानी सुरक्षित नभएकाले त्यहीँबाट हैजा फैलिरहेको छ', डा. पुन भन्छन् । अहिले वर्षातको समय भएकाले महामारीको रूप लिनुपूर्व नै रोकथाम गर्न सर्तकता अपनाउनुपर्ने डा. पुन बताउँछन् । कसैलाई तारन्तार झाडापखाला भए जीवनजल पिउन र अस्पताल जान डा. पुन सुझाव दिन्छन् । हैजा भिब्रियो कोलेरा प्रजातिको जिवाणुबाट मानिसमा लाग्ने अति संक्रामक झाडापखाला रोग हो । हैजा दिसाको माध्यमबाट वातावरणमा फैलिन्छ र दूषित खाना वा पानीको माध्यमबाट अर्को व्यक्तिसम्म पुग्छ । हैजामा संक्रमण भएको एक घण्टादेखि पाँच दिनसम्म लक्षणहरू देखिन्छन् ।

हैजा लागेमा तारन्तार सेतो पानी र चामलका दाना आकारका म्युकस दिसाको माध्यमबाट जान्छ । अत्यधिक मात्रामा पातलो सेतो चौलानी जस्तो दिसा हुने, शरीरका माशंपेशी बाउँडिने, वान्ता हुने, थकाइ महसुस हुने आदि लक्षण देखिन्छन् । गम्भीर असर देखिन थालेपछि तत्काल उपचार नभएको खण्डमा बिरामीको मृत्युसमेत हुनसक्ने डा. पुन बताउँछन् ।

यस्तै आँखा गाडिनु, मुख, जिब्रो, घाँटी र छाला सुख्खा भए कडा जलविजोजन भएको लक्षण हुन्छ । यस्तै पिसाब पहेँलो हुनु, पिसाब कम मात्रामा हुनु र मुटुको धड्कन अनियन्त्रित हुनु पनि कडा जलवियोजनको संकेत हो ।

हैजाबाट बच्न शौचालयमा मात्रै दिशा पिसाब गर्ने, शहरको बाहिरी फोहोर व्यवस्थापन उचित ठाउँमा गर्ने, दिसा र पिसाब पछि राम्रोसँग मिचीमिची साबुन पानीले हात धुने, खाना बनाउनु अघि साबुन पानीले हात धुने, पानी सधैं उमालेर खाने, काँचै खाने तरकारी तथा सलाद सफा पानीले धोइपखाली खानुपर्ने चिकित्सकको सुझाव छ ।

सरसफाइमा ध्यान दिनु नै हैजा रोकथामको प्रमुख विकल्प रहेको डा. पुन बताउँछन् ।

## सरूवाको.. ... . .

प्रमुख सचिव र सचिव एक वर्षसम्म टिकेको भेटिएको थिएन । पछिल्लो नेपाल सरकारका सचिवको सरूवालाई लिएर एक जना पूर्वमुख्य सचिवले सुरेश आचार्यको कतिपटक सरूवा भयो ? चार वर्ष अवधिमा भनेर सामाजिक सञ्जालमा जिज्ञाशा राख्नुभएको थियो । सरूवाको सिकारभित्रको डरलाग्दो परिदृश्यमा निजामती सेवाको प्रभावकारिता खोज्दै प्रधानमन्त्रीले जनता झुक्याउन र दोष कर्मचारीतन्त्रलाई दिन खोजेको देखिन्छ ।

निजामती र प्रहरी सेवालाई प्रभावकारी बनाउन सरूवा प्रणालीलाई राजनीतीकरणबाट मुक्त राख्दै मन्त्रीले सरूवाको सिकार गर्न छोडनुपर्छ । सरूवालाई अनुमानयोग्य बनाई कर्मचारीलाई ढुक्क भएर कार्यालयमा बसी काम गर्ने वातावरण बनाएको खण्डमा कर्मचारी स्थिर, उत्प्रेरित र उत्पादक बन्दछन । कर्मचारीको क्षमताअनुसार सही कर्मचारी सही कार्यालयमा सरूवा गर्न सकेको खण्डमा अझ बढी उपलब्धि हासिल हुन्छ । कानुनमा व्यवस्था गरिएको कार्य पालना गरी कर्मचारीतन्त्रलाई प्रणालीअनुरूप सञ्चालन गर्ने र काम गर्न दिने हो भने उपलब्धि देखेर प्रधानमन्त्री दंग पर्नेछन् । स्वतन्त्र काम गर्न दिंदा पनि उपलब्धि हासिल गर्न नसक्ने कर्मचारीलाई नियमानुसार सरूवा मात्र होइन दण्डित गर्न पनि सरकार सक्षम हुनुपर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



# मकवानपुरमा एकै वर्षमा १ सय २५ ले गरे आत्महत्या

◆ विकास संवाददाता

बागमती प्रदेशका मकवानपुरसहित १० जिल्लामा गत आर्थिक वर्ष २०८०/८१ को एक वर्ष अवधिमा झण्डै एक हजार जानाले आत्महत्या गरेका छन् । विगत दुई वर्षको तथ्यांक हेर्दा गत आवमा आत्महत्या गर्ने बढे । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार उपत्यकाका तीन जिल्लाबाहेक १० जिल्लामा आर्थिक वर्ष (आव) ०८०/०८१ मा ९ सय ७७ जनाले आत्महत्या गरेका हुन् । अघिल्लो वर्ष ९ सय ४० जनाले आत्महत्या गरेका थिए । अधिकांशले भुण्डिएर आत्महत्या गरेका छन् । दुवै वर्ष वैशाखदेखि असार/साउनमा आत्महत्याका घटना बढी भएको प्रहरीको अनुसन्धानले देखाएको छ । मकवानपुरमा आव ०८०/८१ मा १ सय ४४ जनाले आत्महत्या गरेको तथ्यांक छ ।

आव ०७८/०७९ मा मकवानपुरमा १ सय २५ जना र आव ०७९/०८० मा ५७ महिलासहित १ सय ५२ जनाले आत्महत्या गरेका थिए । जिल्ला प्रहरी कार्यालय हेटौंडाको तथ्यांक अनुसार मकवानपुरमा महिनामै ११/१२ जनाले आत्महत्या गर्ने गरेका छन् । आत्महत्याको घटना मकवानपुरमा मात्र बढेको होइन, सिंगो बागमती प्रदेशमा बढेको देखिन्छ । हेटौंडा अस्पतालका डा. कमल दवाडीका अनुसार अधिकांश आत्महत्या डिप्रेसनका कारणले हुने गरेको छ । वृद्धवृद्धा, अधवैंशे उमेरका मात्र होइन, १२ वर्षकी एक



बालिकाले पनि घरमा भुण्डिएर आत्महत्या गरेको तथ्यांक छ ।

आत्महत्याको कारणमा डिप्रेशन, आर्थिक कारोबार, घरायसी झैझगडालगायत छन् । युवा वर्गमा हुने गरेका आत्महत्याको घटनाको कारक भने लागूऔषध दुर्व्यशनी, प्रेम सम्बन्धलगायत छन् । चितवनमा आव ०७८/०७९ मा २ सय १४ जनाले आत्महत्या गरेका थिए भने आव ०७९/०८० मा २ सय २४ र गत आवमा २ सय ३१ जनाले आत्महत्या गरेका छन् । प्रदेशअन्तर्गत रहेका १० जिल्लामा तीन वर्षमा सबैभन्दा बढी आत्महत्या गर्नेको संख्या चितवनमा देखिएको छ । धादिङमा अघिल्लो आवमा १ सय ४२ जनाले आत्महत्या गरेका थिए भने गत आवमा १ सय ९ जनाले आत्महत्या गरेको वाग्मती प्रदेश प्रहरी कार्याल हेटौंडाले जनाएको छ । बागमतीमा सबैभन्दा कम आत्महत्या गर्नेमा रसुवा रहेको छ । यहाँ आव ०७८/०७९ मा ५ जनाले, ०७९/०८० मा ४ जनाले आत्महत्या गरेका थिए भने ०८०/०८१ मा ८ जनाले आत्महत्या गरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरिक्षक रवि पौडेलले जानकारी दिए ।

सहनशीलता एवं धैर्यको कमी, आत्महत्यालाई निरूत्साहित गर्न सरकारी स्तरबाट कुनै प्रयास नहुनुजस्ता कारणले आत्महत्याका घटना बर्सेनि बढ्दो क्रममा रहेको चिकित्सकहरूको भनाई छ । आत्महत्या रोक्ने कुनै सरकारी गृहकार्य एवं चेतनामूलक कार्यक्रम सञ्चालन नहुँदा पनि यस्ता घटनामा वृद्धि भएको उनीहरूको दाबी छ ।

# १७ करोड ७८ लाख १७ हजार राजस्व संलन

◆ विकास संवाददाता

सवारी दुर्घटना कम गर्न बागमती प्रदेशका जिल्लाहरूमा विशेष अभियान चलाएको ट्राफिक प्रहरीले आर्थिक २०८०/८१ मा १७ करोड ७८ लाख १७ हजार राजस्व संलन गरेको छ । उपत्यकाका तीन जिल्लाबाहेक बागमतीका १० जिल्लामा ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष अभियानका क्रममा दुई लाख २८ हजार दुई सय दुई सवारीमाथि कारबाही गरी रू १७ करोड ७८ लाख १७ हजार राजस्व संकलन गरेको हो ।

पूर्वपश्चिम राजमार्गमा जडान गरिएको सिसीटिभी र रिडर गणबाट सवारी गति निगरानी गरिरहेको र सो क्रममा ट्राफिक नियम उल्लङ्घन गर्ने दुई लाख २८ हजार दुई सय दुई सवारीमाथि कारबाही गरिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक मोहन खाणले जानकारी दिए । सो अवधिमा बागमतीका १० जिल्लामा भएको एक हजार पाँच सय ३६ सवारी दुर्घटनामा तीन सय १५ जनाको मृत्यु भएको छ भने तीन हजार एक सय ९९ जना घाइते भएको उनले बताए । ट्राफिक व्यवस्थापन कार्यालय रामनगरले गत आर्थिक वर्ष २०७९/८० मा दुई लाख ९१




हजार दुई सय ९३ सवारीमाथि कारबाही गरी रू २६ करोड ३६ लाख ८३ हजार पाँच सय राजस्व संलन गरेको थियो । सो आवमा एक हजार तीन सय ६२ सवारी दुर्घटनामा तीन सय चारजनाको मृत्यु भएको थियो । त्यसअघि आव २०७८/७९ मा कार्यालयले ट्राफिक नियम उल्लङ्घन गर्ने दुई लाख ५० हजार नौ सवारीमाथि कारबाही गरी रू दुई करोड ४१ लाख ७० हजार राजस्व संकलन गरेको थियो ।

क्षमताभन्दा बढी यात्री बोक्ने, तीव्रगतिमा सवारी चलाउने, बिनाहेलमेट र तीनजना सवार भएर मोटरसाइकल चलाउने प्रवृत्ति बढेकाले राजमार्ग तथा अन्य सहायक मार्गमा सवारी जाँचमा कडाइ गरिएको प्रहरी नायब उउपरीक्षक खाणले बताए ।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं ।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विधालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विधालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# हेटौँडा औद्योगिक क्षेत्रमा ११ उद्योग निर्माणाधीन, चार उद्योगको सम्झौता रद्ध

◆ विकास संवाददाता

क्षेत्रफलका हिसाबले देशकै ठुलो औद्योगिक क्षेत्र हेटौँडा औद्योगिक क्षेत्रमा गत आर्थिक वर्षमा ११ उद्योग निर्माणाधीन अवस्थामा रहेका छन् ।

तीन हजार २२८ रोपनीमा फैलिएको औद्योगिक क्षेत्रमा आव २०८०/८१ मा ११७ वटा उद्योग सञ्चालनमा रहेको हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी काशिराम घिमिरेले जानकारी दिए । उनले दिएको तथ्याङ्क अनुसार साउथ एसियन ब्रुअरी, नेबिको प्रालि, टि.एस.एन. प्लास्टकेयर, मकालु डेरी उद्योग, राधाकृष्ण सिन्थेटिक, लक्ष्मी पेन्ट्स, ड्रिम पेन्ट्स नेपाल, राधेराधे इन्जिनियरिङ वर्कसप, प्रिसिअस वेस्ट रिफाइनरी, बिएचपी मेनुफ्याकचरिङ, फेबुलस म्यानुफ्याकचरिङ, हिमालय पोलिमर्स निर्माणाधीन अवस्थामा रहेको हो । कार्यालयका अनुसार इन्भोरोप्लान्ट नेपाल प्रालि र नेपाल ब्रूअरिज प्रालि बन्द अवस्थामा रहेका छन् ।

यसैबीच उद्योग सञ्चालन गर्न सम्झौता गरी उद्योग सञ्चालनमा नल्याउने चार वटा उद्योगसँगको सम्झौता रद्द गरिएको छ । गत आव २०८०/८१ मा कार्यालयले उद्योग सञ्चालन गर्न सम्झौता गरेका ती उद्योगले आवश्यक संरचना निर्माणसँगै उद्योग सञ्चालनमा ल्याउन नसकेको भन्दै सम्झौता रद्द गरेको हो ।

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका निमित्त क्षेत्र व्यवस्थापक सङ्गीता कुँवरका अनुसार लक्ष्मी पेन्ट्स उद्योग, नाथ फुड्स् इन्डस्ट्रिज प्रालि, बिवाइएस हेटौँडा प्रालि र सन्राइज कन्टेनर्स प्रालिसँग हेटौँडा औद्योगिक क्षेत्रभित्र उद्योग सञ्चालन गर्न गरिएको सम्झौता रद्द गरिएको जानकारी दिए । सन्राइज कन्टेनर्स प्रालिले प्लास्टिकका विविध वस्तु, नाथ फुड्स् इन्डस्ट्रिजले बिस्कुट तथा बेकरी, लक्ष्मी पेन्ट्सले वाल पुटिङ, रङरोगन र बिवाइएस हेटौँडा विभिन्न प्रकारका फ्ल्याट, एङ्गल फाइल, कम्बिनेसन प्लायरलगायतका औजार उत्पादन गर्ने गरी उद्योग सञ्चालनका लागि जग्गा भाडामा लिन सम्झौता गरेको थियो । उनले ती उद्योगले उद्योग सञ्चालन गर्न सम्झौता गरेर पूर्वाधार निर्माण गरी उद्योग सञ्चालन नगरेको र जग्गा मात्र ओगटेकाले सम्झौता रद्द गरिएको बताए ।

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग २०७२ र २०७३ मा सम्झौता गरेका चार उद्योगले ३० रोपनी जग्गा ओगटेका थिए ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक
www.bikaskhabar.com
कार्यालय: थाहा-७ सम्पर्क नं. ९८०७५५३३००
२०८१ साउन १४ गते सोमबार, 29 July, 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


# ऋषेश्वर मन्दिर जाने बाटो सरसफाई



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा क्रियाशील थाहा जीवन योग प्रयोगशालाको पहलमा मकवानपुर जिल्लाको प्रसिद्ध धार्मिक स्थल ऋषेश्वर महादेव मन्दिर जाने बाटो तथा मन्दिर परिसर सरसफाइ गरिएको छ ।

१२ साउनमा योगगुरू देवेन्द्र रूपाखेती तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको अगुवाईमा मन्दिरको प्रवेश द्वारदेखि एक हजार मिटर बाटो तथा मन्दिर परिसर भित्र सरसफाइ गरिएको हो । ५० जना योग साधकहरूको सहभागितामा बाटो तथा मन्दिर सफाइ गरिएको योग गुरू देवेन्द्र रूपाखेतीले बताए ।

साउन महिनाभर प्रत्येक साता नगरका विभिन्न मन्दिर परिसर सरसफाइ गर्ने योजना रहेको योग गुरू रूपाखेतीले जानकारी दिए ।

# दुर्गादेवीका बालबालिकालाई शैक्षिक सामाग्री सहयोग

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ५ को दुर्गादेवी आधारभूत विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण गरिएको छ । विपन्न तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई उक्त सामाग्रीहरू सहयोग गरिएको प्रधानाध्यापक हिराचन थापामगरले जानकारी दिए ।

विद्यालयमा ९ साउनमा एक कार्यक्रमको आयोजना गरी विद्यालयका १६ जना नयाँ विद्यार्थीहरूलाई स्कूल ब्याग। ट्याक सुट र कपी वितरण गरिएको प्रधानाध्यापक थापा मगरले जानकारी दिए । उनका अनुसार विद्यालयमा अध्ययनरत अन्य २६ जना विद्यार्थीलाई जनही १५ वटाको दरले कपी वितरण गरिएको छ । गरिब तथा विपन्न विद्यार्थीहरूलाई उक्त कपी वितरण गरिएको उनको भनाइ छ ।




थाहा नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई सहयोग गरिएको जनाइएको छ ।

# थाहानगरमा औषधि उपचार खर्च पाउन गरिब परिचयपत्र चाहिने

◆ विकास संवाददाता

नेपाल सरकारले विभिन्न जटिल प्रकृतिका रोगको उपचारको लागि उपलब्ध गराउने मासिक खर्च अब गरिब परिचयपत्र पाएकाहरूलाई मात्र दिने भएको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले जारी गरेको गरिब परिचयपत्र पाएकाहरू भन्दा बाहेकलाई यो सुविधा नदिने कार्यविधिमा उल्लेख छ ।

संघीय सरकारले मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरूदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक ५ हजारका दरले उपचार खर्च उपलब्ध गराउँदै आएको छ । सोही कार्यत्रविधिको नियम २ (ग) अनुसार गरिबीको



परिचयपत्र पाएकाहरूलाई मात्र उक्त सुविधा दिन सकिने व्यवस्था गरेको भन्दै थाहा नगरपालिकाले सार्वजनिक सूचना समेत गरेको छ । 'थाहा नगरपालिकामा गरिब परिचय पत्र वितरण भैसकेको छ अब सोही बमोजिम कार्यविधिलाई टेकेर उपचार खर्च वितरण हुन्छ'–स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले भने ।

थाहा नगरपालिकामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ८ सय २३ परिवारलाई गरिबको सूची राखी गरिब परिचयपत्र पठाएको छ ।

# हेटौंडामा ९० जनाको आँखा परीक्षण

◆ विकास संवाददाता

टोल विकास संस्था हेटौंडा उपमहानगर समन्वय समिति, हेटौंडा उपमहानगरपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजना भएका निःशुल्क आँखा परीक्षण सिविरमा ९० जनाको आँखा परीक्षण गरिएको छ । ८ साउनमा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा हेटौंडा-१९ स्थित तपोवन टोल विकास संस्थामा मधुमेहका बिरामी तथा ५० वर्ष भन्दा बढी उमेर भएका व्यक्तिहरूको आँखाको पर्दा जाँच गरिएको हो ।

नेपालमा पछिल्लो समय मधुमेह र उच्च रक्तचापका बिरामी बढ्दै गएसँगै त्यसले आँखामा असर पार्ने हुँदा आँखा परीक्षण सिविरको आयोजना गरिएको टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताए । मधुमेह र उच्च रक्तचापले मानव शरिरको विभिन्न अंगहरूमा असर गर्ने र सबैभन्दा पहिले आँखाको दृष्टिपर्दा अर्थात रेटिनामा असर गर्ने भएको भेटिएको अध्यक्ष अधिकारीले बताए ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहीं कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट



काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# ८८ प्रतिशत स्थानीय तहमा फाहोर मैला व्यवस्थापन हेर्ने शाखा नै छैन

◆ विकास संवाददाता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अध्ययन गरेर तयार पारेको स्थानीय तहको क्षमता आवश्यकता पहिचान प्रतिवेदनले स्थानीय तह (पालिकाहरू) क्षमतावान बन्ने दिशामा तिब्र रूपमा अघि वढेको देखाएको छ ।




मन्त्रालयले ८१ वटा स्थानीय तहमा गरेको नमूना अध्ययन प्रतिवेदनका अनुसार ८८ प्रतिशत स्थानीय तहको केन्द्रसम्म मोटर गुड्ने बाटो पुगेको देखिएको छ । प्रतिवेदनअनुसार अध्ययन गरिएका मध्ये ६२ प्रतिशत स्थानीय तहमा एक वडा एक उत्पादन कार्यक्रम लागु भएको पाइएको छ । स्थानीय तहले कृषि विकासका लागि हरेक वडालाई कृषि पकेट क्षेत्र घोषणा गरी सोही अनुसार कृषकलाई अनुदान र सहुलियत दरमा ऋण दिने व्यवस्था गर्दै आएका छन् ।

कृषि पूर्वाधारका क्षेत्रमा स्थानीय तहहरूमा प्रगति नै देखिएपनि स्वास्थ्य र फोहोरमैला व्यवस्थापनमा भने उनीहरूले अझै योजनावद्ध रूपमा काम गर्नुपर्ने देखिएको छ । अध्ययनका अनुसार अध्ययनमा समावेश भएका ८१ मध्ये ७३ प्रतिशत स्थानीय तहले अझै ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न सकेका छैनन् भने ८८ प्रतिशत स्थानीय तहमा फाहोरमैला व्यवस्थापन हेर्ने शाखासमेत छैन । २९ प्रतिशत स्थानीय तहले आवधिक योजना तर्जुमा गरेका छन् भने १५ प्रतिशत पालिकाले आयोजना बैंक स्थापना गरेका छन् ।

स्थानीय तहमा संचालित अस्पतालमध्ये ५४ प्रतिशत पालिकामा प्रयोगशाला संचालनमा छन् भने ९ प्रतिशत स्थानीय तहले एकीकृत बस्ती विकास गुरूयोजना तयार पारेका छन् । अध्ययनमा समेटिएका मध्ये ३३ वटा स्थानीय तहले जिविकोपार्जन सम्वन्धि कार्यक्रम कार्यान्वयनमा ल्याएका छन् ।

# बागमती गाउँपालिकाले वित्तीय प्रगती ८३.७८ प्रतिशत

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ८३.७८ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ । गाउँपालिकाले चालुतर्फ ८७.२७ प्रतिशत र पुँजीगततर्फ ७७.३२ प्रतिशत वित्तीय प्रगती हासिल गरेको प्रमुख प्रशासकीय अधिकृत झम्क नारायण घलानले जानकारी दिए ।

पालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि ६८ करोड ५५ लाख ८६ हजार रूपियाँ बजेट विनियोजन गरेकोमा ५७ करोड ४३ लाख ५६ हजार ६ सय २२ रूपियाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत घलानले बताए ।

बागमतीले कुल विनियोजित रकमबाट चालुतर्फ ४४ करोड ४९ लाख ९४ हजार बजेट विनियोजन गरेकोमा ३८ करोड ८३ लाख २७ हजार ७ सय ५० रूपियाँ खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ २४ करोड ५ लाख ९२ हजार बजेट विनियोजन भएकोमा १८ करोड ६० लाख २८ हजार ९ सय १२ रूपियाँ खर्च भएको घलानले जानकारी दिए ।

राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं !

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी